पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
पोखरा, नेपाल

चलानी नं.

मितिः २०७८/०१/१९

## Rechecking/Retotaling सम्बन्धी सूचना

यस पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७८/०१/१७ गते प्रकाशित परीक्षाफलमा चित्त नबुझि Rechecking/Retotaling गर्न चाहने विद्यार्थीहरूको लागि २०७८/०१/२६ गतेसम्म हदम्याद राखी यस अघि नै सूचना प्रकाशित गरिसकिएको छ। विश्वव्यापीरूपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोरोना भाईरस (COVID-19) को संक्रमण नेपालमा समेत तिव्र गतिले भयाभह रूप लिइरहेको अवस्थालाई मध्यनजर गरी नेपाल सरकारको COVID-19 संकट व्यवस्थापन केन्द्र (CCMC), निर्देशक समितिको मिति २०७८/०१/१२ गतेको निर्णयानुसार नेपालका विभिन्न जिल्लाहरूमा निशेधाज्ञा जारी गरेको अवस्थामा Rechecking/Retotaling को फाराम भरी Rechecking/Retotaling गर्दा लाग्ने दस्तुरको भौचर समेत यस कार्यालयमा तोकिएको मितिभित्र ल्याई पुऱ्याउन नसक्ने अवस्था रहेकोले यस्तो अवस्थामा online/e-mail माध्यमलाई प्रभावकारी बनाई अगाडी बढ्नुपर्ने अवस्था रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

अतः मिति २०७८/०१/१७ गते प्रकाशित परीक्षाफलमा चित्त नबुझि Rechecking/Retotaling गर्न चाहने विद्यार्थीलाई Rechecking/Retotaling गर्दा लाग्ने दस्तुर यस कार्यालयको बैङ्क खातामा जम्मा गर्न लगाई (Connect IPS मार्फत अथवा बैङ्क मार्फत), जम्मा गरेको भौचर र Rechecking/Retotaling गर्न चाहेको विषय उल्लेख गरी College मा e-mail गर्न लगाएर सम्बन्धित स्कुल/कलेजले यस कार्यालयले पूर्व प्रकाशित गरेको हदम्याद भित्र सम्पूर्ण विद्यार्थीबाट प्राप्त भौचर र Rechecking/Retotaling गर्न चाहेको विषय उल्लेख गरी एकमुष्ट रूपमा यस कार्यालयको सम्बन्धित शाखाको e-mail address मा e-mail गर्नुहुन र सोही अनुसार यस कार्यालयद्वारा उक्त कार्य अगाडी बढाइने व्यहोरा समेत सम्बन्धित सबै स्कुल/कलेजहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

परीक्षा नियन्त्रण कार्यालय
पोखरा विश्वविद्यालय

पो.ब.नं. ४२७, पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोनः ०६१-५०४१४६/५०४०८६, ५०४०८७
इमेलः puexam@pu.edu.np, Website: www.pu.edu.np